

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १८ गते बुधबार ❑ 4 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

गण्डकीमा राजस्व खोज्न छुट्टै कार्यालय, करको दर होइन दायरा बढाउने लक्ष्य

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

संघीय सरकारबाट प्राप्त हुने अनुदान र वित्तीय हस्तान्तरणमा निर्भर रहँदै आएको गण्डकी प्रदेश सरकारले आफ्नै आम्दानीका स्रोत विस्तार गरी आर्थिक रूपमा आत्मनिर्भर बन्ने लक्ष्यसहित राजस्व व्यवस्थापन कार्यालय स्थापना गरेको छ ।

प्रदेशभित्रै रहेका तर पहिचान, व्यवस्थापन र प्रभावकारी परिचालनको अभावमा सरकारको खातामा आउन नसकेका राजस्वका स्रोत खोजी गर्ने उद्देश्यले सरकारले छुट्टै कार्यालय स्थापना गरेको हो । आर्थिक मामिला मन्त्रालयअन्तर्गत स्थापना गरिएको कार्यालयले मंगलबारखेखि औपचारिक रूपमा सेवा प्रवाह सुरु गरेको मन्त्रालयका प्रवक्ता गुमादेवी शर्माले जानकारी दिनुभयो । प्रदेश सरकारले राजस्वको दर बढाएर नागरिकमाथि थप आर्थिक भार थोपर्नेभन्दा पनि अहिलेसम्म करको दायरामा नसमेटिएका क्षेत्र पहिचान गर्ने, नयाँ आम्दानीका सम्भावना खोज्ने र राजस्व चुहावट रोक्ने रणनीति अघि सारेको उहाँको भनाई छ । प्रदेशको वित्तीय क्षमता कमजोर हुनुमा स्रोतको



अभावसँगै उपलब्ध स्रोतको प्रभावकारी परिचालन हुन नसक्नु पनि प्रमुख कारण रहेको ठहर गर्दै सरकारले राजस्व प्रशासनलाई व्यवस्थित बनाउन नयाँ संरचना खडा गरेको हो । कार्यालयले घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन तथा विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयकर र विभिन्न सेवा शुल्कलगायत प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने राजस्वको सङ्कलन तथा व्यवस्थापनमा सहजीकरण गर्नेछ। त्यसैगरी राजस्व सङ्कलनको सम्भाव्यता अध्ययन, करदाता विवरण व्यवस्थापन, राजस्व चुहावट नियन्त्रण तथा स्थानीय तहसँग समन्वय गरी प्रदेशको आम्दानी बढाउने काममसमेत कार्यालयको जिम्मेवारीमा रहनेछ।

आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले प्रदेशभित्र राजस्व सङ्कलन गर्ने विभिन्न निकायबीच समन्वय कायम गर्नु कार्यालयको प्रमुख उद्देश्य रहेको बताउनुभयो। प्रदेश सरकारले निर्धारण गरेको लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको उल्लेख गर्दै उहाँले आर्थिक ऐनले समेटेका सबै क्षेत्रलाई करको दायरामा ल्याउन कार्यालयले सहजीकरण गर्ने बताउनुभयो। राजस्वसम्बन्धी नीति निर्माण र नीतिगत निर्णय मन्त्रालयले गर्ने तथा त्यसको कार्यान्वयन र समन्वयको जिम्मेवारी कार्यालयले सम्हाल्ने गरी कार्यविभाजन गरिएको मन्त्री शेरचनले स्पष्ट पार्नुभयो।

कार्यालय स्थापनाका लागि छुट्टै कर्मचारी दरबन्दी सिर्जना गरिएको छैन । आर्थिक मामिला मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेका कर्मचारीबाटै जनशक्ति व्यवस्थापन गरिएको छ। यसले नयाँ कार्यालय स्थापना गर्दा थप कर्मचारी नियुक्ति तथा प्रशासनिक खर्चको भार प्रदेश सरकारलाई नपर्ने सरकारको भनाइ छ । प्रदेशको आम्दानी बढाउन नयाँ कर लगाउनेभन्दा पनि विद्यमान कानुनी व्यवस्थाअनुसार सरकारको अधिकार क्षेत्रमा रहेका सम्भावित स्रोतको खोजी र परिचालनलाई प्राथमिकता दिइएको छ । प्रशासनिक खर्चमा मितव्ययिता अपनाउँदै आन्तरिक स्रोत बलियो बनाउने सरकारको यो प्रयास कति प्रभावकारी हुन्छ भन्ने कुरा भने कार्यालयले राजस्वको दायरा विस्तार गर्न र चुहावट नियन्त्रणमा हासिल गर्ने उपलब्धिले निर्धारण गर्नेछ।

यसैबीच उक्त कार्यालयको एक समारोहका बीच मंगलबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्नुभएको छ। उद्घाटन गर्दै उहाँले करको दरभन्दा दायरा बढाएर करमा धेरैको सहभागिता गराएर राजस्व संकलनमा प्रदेश सरकार लाग्ने योजना रहेको बताउनु भयो।

पोखरा-मुग्लिन सडक स्तरोन्नति अन्तिम चरणमा

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ। उक्त सडकको पश्चिम खण्ड (पोखरा-जामुने) को भौतिक प्रगति ८६ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ।

पूर्वी खण्ड (जामुने-मुग्लिन)को काम पूरा गरी निर्माण कम्पनीले सडक हस्तान्तरण गरिसकेको उक्त खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले बताउनुभयो । "सडक विस्तार तथा स्तरोन्नतिको काम सकिएर त्रुटि सच्चाउने अवधि (डिएलपी) सुरु भइसकेको छ", उहाँले भन्नुभयो, "डिएलपीपछि थप पाँच वर्षसम्म सडक मर्मतसम्भारको जिम्मा पनि निर्माण कम्पनीकै रहन्छ ।" इन्जिनियर पाण्डेका अनुसार कूल ४१.४५ किमि दूरीको उक्त खण्डमा दमौली र दुम्रे बजारमा गरी करिब दुई किमि सडक छ लेन र अन्यत्र चार लेनमा विस्तार तथा स्तरोन्नति गरिएको छ। पूर्वी खण्डमा साना-ठूला गरी १७ वटा पक्की पुल निर्माण भएको उहाँले बताउनुभयो।



तनहुँको मादी नदीमा बन्ने 'सिम्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको इन्जिनियर पाण्डेले बताउनुभयो । पाँच दशकअघि बनेको उक्त सडक विस्तार तथा स्तरोन्नतिको काम विसं २०७८ वैशाखदेखि सुरु भएको थियो । निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले रु छ अर्ब २१ करोड ३१ लाख लाखमा पूर्वी खण्ड निर्माणको जिम्मा पाएको थियो।

गण्डकी प्रदेशको 'लाइफलाइन'का रुपमा रहेको उक्त सडक स्तरोन्नति भएसँगै सङ्घीय राजधानीकाठमाडौँ,चितवनलगायत गन्तव्यबाट पोखरासम्मको यातायात सेवा सहज बनेको छ। निर्माणको चरणमा खेपेको धुलो र हिलोको सास्तीलाई बिर्सदै सर्वसाधारणले चार लेनको फराकिलो सडकमा यात्रा गर्न पाएका छन्।

आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले आगामी मङ्सिरभित्र काम सक्ने लक्ष्य लिइएको बताउनुभयो। "पश्चिम खण्डको काम पनि अन्तिम चरणमा पुगेको छ, झण्डै पाँच किमि जति सर्भिस लेन कालोपत्र गर्न बाँकी छ", उहाँले भन्नुभयो, "रोड मार्किङ, ट्राफिक सङ्केत चिह्न राख्नेदेखि सडक सुरक्षासँग सम्बन्धित कामहरु धमाधम भइरहेको छ ।" पोखरामहानगरपालिका-१० अमर सिँहचोकदेखि सेती पुलसम्म, तालचोक र बूढीबजार क्षेत्रमा सर्भिस लेन कालोपत्रका लागि तयारी भइरहेको इन्जिनियर कुँवरले बताउनुभयो। निर्माणको काम सकिएपछि पश्चिम खण्डमा पनि एक वर्षसम्म त्रुटि सच्चाउने अवधि (डिएलपी)को चरण रहने उहाँले बताउनुभयो । "सडक हस्तान्तरण गरेपनि ठेक्का सम्झौताअनुसार एक वर्षसम्म डिएलपी र पाँच वर्षसम्म मर्मतको काम निर्माण कम्पनीले नै गर्छ", उहाँले भन्नुभयो।

कूल ३८.८८ किमि दूरीको पश्चिम खण्डमा १८.५ किमि दूरीमा छ लेन र बाँकीमा चार लेनको सडक निर्माण भएको इन्जिनियर कुँवरले बताउनुभयो। "पश्चिम खण्डमा सहरी क्षेत्र बढी भएकाले छ लेनमा सडक विस्तार गरिएको हो", उहाँले भन्नुभयो, "तनहुँतर्फ दुलेगौँडा र खैरेनीटारमा पनि छ

बाँकी अन्तिम पृष्ठमा ▶▶

पूर्वप्रधानमन्त्री नेपालसहित ९७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

रासस
काठमाडौँ, १७ कार्तिक

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालसहित ९७ जनाविरुद्ध सोमबार विशेष अदालत काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

मोरङ जिल्लास्थित रिजाल क्यानिङ एण्ड कम्पनीको नाममा रहेको हदबन्दी छुटअन्तर्गतको सरकारी सार्वजनिक जग्गा बदनियतपूर्वक सट्टापट्टा तथा बिक्री गर्न छुट दिएर भ्रष्टाचार गरेको आरोपमा आयोगले पूर्वप्रधानमन्त्री नेपाल, तत्कालीन सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृतिमन्त्री डा मीनेन्द्रप्रसाद रिजालसहित ९७ जनाविरुद्ध आरोपपत्र दायर गरेको हो । आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम रु ७३ करोड ४९ लाख ५६ हजार बिगो कायम गरी तत्कालीन प्रधानमन्त्री नेपालसहितका प्रतिवादीसँग उक्त रकम असुल गर्न मागदाबी गरिएको छ । तत्कालीन मन्त्री रिजाल, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, सहसचिव रमेशचन्द्र अधिकारी तथा उपसचिवद्वय गान्धीप्रसाद सुवेदी र हुपेन्द्रमणि केसीसहितका प्रतिवादीविरुद्ध पनि जनही रु ७३ करोड ४९ लाख ५६ हजार बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ। त्यसैगरी, तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री डम्बर श्रेष्ठ र तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरेलाई बिगो असुलउपर गर्ने प्रयोजनका लागि मात्र प्रतिवादी बनाइएको प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो । आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख लगायत प्रचलित कानुनबमोजिम जग्गा जफत गर्न मागदाबीसमेत लिएको छ । सोही प्रयोजनका लागि पनि केही व्यक्तिलाई प्रतिवादी बनाइएको आयोगले जनाएको छ।


पोखरा एभेन्जर्सविरुद्ध लुम्बिनी लायन्सको सहज जित

रासस
काठमाडौँ, १७ कार्तिक

गत संस्करणको विजेता लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेट प्रतियोगिता २०२६ मा दोस्रो जित निकालेको छ।

दोस्रो जित दर्ता गर्ने क्रममा लुम्बिनीले मंगलबार पोखरा एभेन्जर्सलाई ८ विकेटले हराएको हो । पोखराले दिएको ९८ रनको झिनो लक्ष्य लुम्बिनीले ११.४ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । लुम्बिनीका लागि अविजित रहेका कप्तान रोहितकुमार पौडेलले ४७ र निरोशन डिकवेलाले २७ रन बनाए । यस्तै, डार्सी सर्टले १३ रन जोडे । बलिङतर्फ पोखराका लागि विपिन खत्रीले एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको गरेको पोखराले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ९७ रन बनायो।

पोखराका लागि चमिका करुणारत्नेले २५, कप्तान कुशल भुर्तेलले १४, मेहदी हसनले १३ र किरण ठगुन्नाले १२ रन जोडे । बलिङतर्फ लुम्बिनीका लागि रुबेन ट्रम्पलम्यानले ३, तिलक भण्डारीले २ तथा शेर मल्ल, अभिषेश गौतम र कप्तान रोहितकुमार पौडेलले एक एक विकेट लिए। यसअघि भएको पहिलो खेलमा जनकपुर बोल्ट्सविरुद्ध विराटनगर किङ्सले दुई रनको रोमाञ्चक जित निकालेको थियो।





फूलखेतीमा रमाउँदै कृषक, तिहारमा बजारको आश

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

पोखरा महानगरपालिका-१३ का कृषक शुक्रराज तिमिल्सिनाले यस वर्ष तिहारलाई लक्षित गरी दुई रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गर्नुभएको छ।

गणेश कृषि फार्मका सञ्चालक तिमिल्सिनाले पशुपालन र तरकारी खेतीसँगै तीन वर्षदेखि फूल खेतीलाई व्यावसायिक रूपमा अघि बढाउनुभएको हो। गत वर्ष एक रोपनी जमिनमा सयपत्री फूल खेती गरेर राम्रो आम्दानी भएपछि उहाँले यस वर्ष खेती विस्तार गर्नुभएको हो।

"गत वर्ष एक रोपनीमा फूल लगाएर करिब रु एक लाख कमाएँ। यस वर्ष पहिलाको भन्दा दोब्बर क्षेत्रफलमा खेती गरेको छु। फूल पनि राम्रो भएको छ। आम्दानी पनि राम्रो हुने अपेक्षा गरेको छु", उहाँले भन्नुभयो। तिमिल्सिनालाई उत्पादित फूल बिक्री गर्न खासै समस्या छैन। कतिपय ग्राहक नर्सरीमै पुगेर आफूलाई आवश्यकपर्ने फूल खरिद गर्ने गरेका छन्। बाँकी फूल तिहार नजिकै आयोजना हुने पुष्प प्रदर्शनी तथा सयपत्री फूल मेलामा लगेर बिक्री गर्ने उहाँको योजना छ। फूल मेलाले स्थानीय कृषकलाई आफ्नो उत्पादन एकै ठाउँबाट उपभोक्तासम्म पुऱ्याउन सहज बनाउने उहाँको विश्वास छ। फूलोरिकल्चर एसोसिएसन नेपाल कास्कीले यस वर्ष नवौं संस्करणको गोदावारी पुष्प प्रदर्शनी तथा पाँचौं संस्करणको गण्डकी प्रादेशिक पुष्प एवं सयपत्री फूल मेला आयोजना गर्न लागेको छ।

यही कात्तिक १८ देखि २३ गतेसम्म पोखरा रङ्गशालास्थित खेल मैदानमा आयोजना हुने मेलामा स्थानीय कृषकले उत्पादन गरेका सयपत्री फूलसहित विभिन्न प्रजातिका फूल तथा बिरुवा बिक्री र प्रदर्शनीमा राखिनेछन्। तिहारमा फूलको माग बढ्ने भएकाले मेलाले कृषक र उपभोक्ता दुवैलाई लाभ पुग्नेछ। स्थानीय फूल उत्पादक कृषकलाई बजार उपलब्ध गराउने र उपभोक्तालाई सहज रूपमा फूल तथा फूलका बिरुवा खरिद गर्ने वातावरण सिर्जना गर्ने उद्देश्य मेलाको छ। एसोसिएसनका अध्यक्ष रामप्रसाद सुवेदीका अनुसार तिहार तथा छठ पर्वका अवसरमा फूलका पारखी र उपभोक्तालाई सहज रूपमा फूल तथा बिरुवा उपलब्ध गराउन मेला महत्वपूर्ण रहेको बताउनुभयो।

"तिहार तथा छठ पर्वका समयमा पुष्पका पारखी र ग्राहकलाई सहज रूपमा फूल तथा बिरुवा उपलब्ध गराउन मेला सहयोगी हुँदै आएको छ। फूल तथा बिरुवाप्रति अभिरुचि राख्ने र यससम्बन्धी ज्ञान हासिल गर्न चाहनेका लागि मेला उपयोगी हुँदै आएको छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार संस्थामा आबद्ध ४२ वटा नर्सरी तथा पुष्प व्यवसायी फूल उत्पादन र बिक्रीवितरणमा आबद्ध छन्। यस वर्ष मेलामा २२ वटा व्यावसायिक प्रदर्शनी कक्ष, तीन वटा कृषि सामग्रीसम्बन्धी स्टल र एउटा सूचनामूलक प्रदर्शनी कक्ष गरी कूल २६ वटा प्रदर्शनी कक्ष रहनेछन्। प्रदर्शनीमा विगत वर्षदेखि व्यावसायिक रूपमा उत्पादन हुँदै आएका विभिन्न जात र प्रजातिका गोदावरी फूलका बिरुवाका साथै यस वर्ष भित्रिएका नयाँ प्रजातिका गोदावरी फूल राखिनेछन्।

मेलाले पुष्प व्यवसायीलाई आफ्ना उत्पादनको प्रचारप्रसार र बिक्री गर्ने अवसर प्रदान गर्नुका साथै उपभोक्तालाई विभिन्न प्रजातिका फूल तथा बिरुवाबारे जानकारी लिन र खरिद गर्न सहज बनाउने एसोसिएसनका सचिव खिमलाल सुवेदीले बताउनुभयो।

तिहारमा फूलको माग उच्च हुने भएकाले स्थानीय उत्पादनलाई प्राथमिकता दिन मेलाले प्रोत्साहन गर्ने विश्वास उहाँको छ। पोखरामा वार्षिक रूपमा रु दुईदेखि रु तीन करोड बराबरको फूल कारोबार हुने गरेको महानगरपालिकाले जनाएको छ। यस वर्ष महानगरभित्र करिब २०० रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गरिएको छ।

पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख मनोहरप्रसाद कडरियाका अनुसार पोखरामा खपत हुने फूलमध्ये करिब ७० प्रतिशत स्थानीय उत्पादनले धान्ने अवस्था छ।

महानगरपालिकाले बीउमा अनुदान, मल्चिङ प्लास्टिक तथा खेती प्रविधिमा सहयोग गर्दै आएपछि स्थानीयस्तरमा फूल उत्पादन बढ्दै गएको उहाँले बताउनुभयो। "अन्य बाली छाडेर फूलखेती गर्ने कृषकको सङ्ख्या बर्सेनि बढ्दै गएको छ। पोखरामा उत्पादित फूलले माग धान्न नसक्ने अवस्थामा छिमेकी पालिका र जिल्लाबाट फूल ल्याउने गरिएको छ", उहाँले भन्नुभयो। स्थानीय कृषकले घरायसीप्रयोजनकालागिगाउँघरमा उत्पादन गर्ने फूललेसमेत बजारको माग पूरा गर्न सहयोग पुऱ्याउँदै आएको महानगरपालिकाले जनाएको छ।

पोखराको पहिलो लायन्स क्लबले स्वर्ण महोत्सव गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

लायन्स क्लब अफ पोखराले स्थापनाको ५०औं वर्ष पूरा गरेको अवसरमा आगामी मंसिर ५ गते स्वर्ण महोत्सव समारोह आयोजना गर्ने भएको छ।

सन् १९७६ नोभेम्बर १० अर्थात् वि.सं. २०३३ मा स्थापित लायन्स क्लब अफ पोखरा नेपालकै छैटौं तथा तत्कालीन पश्चिमाञ्चलको पहिलो लायन्स क्लब हो। पाँच दशकदेखि शिक्षा, स्वास्थ्य, मानवीय सहायता, सामाजिक सचेतना तथा सामुदायिक विकासका क्षेत्रमा योगदान पुऱ्याउँदै आएको क्लबले आफ्नो सेवायात्रालाई ऐतिहासिक उत्सवका रूपमा मनाउन लागेको स्वर्ण महोत्सव मूल समारोह समितिका मुख्य संयोजक सुशीलकुमार गोशलीले जानकारी दिए। नवराज पटेलको टोलीको पहलमा पोखरामा लायन्स क्लब स्थापना गर्ने अभियान सुरु भएको थियो। प्रारम्भमा पृथ्वीनारायण क्याम्पसका तत्कालीन प्रमुख तथा शिक्षासेवी जर्ज जोनलाई संस्थापक अध्यक्षका रूपमा प्रस्ताव गरिए पनि उनको शैक्षिक तथा प्रशासनिक जिम्मेवारीमा व्यस्त रहेकाले पोखराका व्यवसायी फणिन्द्रमान श्रेष्ठको अध्यक्षतामा क्लबलाई औपचारिक रूपमा अगाडि बढाइएको थियो।

क्लबका अनुसार स्वर्ण महोत्सव समारोहमा नेपालका सार्वजनिक तथा व्यवस्थापकीय क्षेत्रका विशिष्ट व्यक्तित्व, लायन्स नेतृत्व, संस्थापक सदस्य, पूर्वअध्यक्ष, वरिष्ठ लायन्स सदस्य, व्यवसायी तथा समाजसेवीहरूको सहभागिता रहनेछ।

समारोहमा क्लब स्थापनादेखि विभिन्न समयमा नेतृत्व प्रदान गर्ने संस्थापक सदस्य, पूर्वअध्यक्ष तथा समाजमा विशिष्ट योगदान पुऱ्याउने अग्रजहरूलाई सम्मान गरिनेछ। साथै, क्लबका पाँच दशकका सामाजिक गतिविधि, उपलब्धि, ऐतिहासिक अभिलेख तथा लेखहरू समेटिएको विशेष स्वर्ण महोत्सव स्मारिका विमोचन गरिने कार्यक्रम रहेको छ।

पोखरा तथा आसपासका क्षेत्रबाट संस्थापक सदस्य, पूर्वअध्यक्ष, लायन्स नेतृत्व, विभिन्न पेसा तथा व्यवसायमा आबद्ध व्यक्तित्व र शुभेच्छुकसहित करिब १ हजार २०० जनाको सहभागिता रहने लक्ष्य आयोजकले लिएको छ।

क्लबले स्थापनाकालदेखि सञ्चालन गर्दै आएका सामाजिक गतिविधिलाई जनसमक्ष पुऱ्याउन सञ्चारमाध्यमले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै स्वर्ण महोत्सवको समाचार सङ्कलन, प्रचारप्रसार तथा व्यापक जनसमक्ष पुऱ्याउन सम्पूर्ण सञ्चारमाध्यम र पत्रकारलाई अनुरोध गरेको छ।

पत्रकार सम्मेलनमा क्लबको इतिहास, सामाजिक सेवा र योगदानबारे लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ जेका डिस्ट्रिक्ट गभर्नर प्रजापति बास्तोला र पूर्व डिस्ट्रिक्ट गभर्नर मिलन थापाले पोखराको नेता र नेता उत्पादन गर्ने क्लबले खेलेको भुमिका बारे चर्चा गरेका थिए।

क्लबका संस्थापक सदस्य मेहरमान श्रेष्ठले क्लब स्थापनाकालिन कथा र सामाजिक गतिबिधिजन्य सेवा स्मरण गराएका थिए। क्लबका अध्यक्ष डा. माधवबाबु तिवारीको अध्यक्षतामा भएको कार्यक्रम भएको थियो।

लेखनाथको पर्यटन विकासमा पूर्वाधार, संरक्षण र स्थानीय अर्थतन्त्रलाई जोड दिनुपर्ने

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक



लेखनाथलाई पोखराको वैकल्पिक पर्यटकीय गन्तव्यका रूपमा मात्र नभई छुट्टै पहिचान र सम्भावना बोकेको प्रमुख गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालाले जोड दिएका छन्।

होटेल एण्ड रेष्टुरेण्ट एशोसियसन लेखनाथको आयोजनामा बेगनास ताल किनारमा जारी छैटौं बेगनास फिस फेस्टिभलको अवसरमा आयोजित 'ताल पर्यटन र लेखनाथको पर्यटकीय गन्तव्य, स्थानीय रोजगारी, आर्थिक समृद्धि र दिगो विकास' विषयक संवाद कार्यक्रममा सहभागी वक्ताहरूले पर्यटनको गुणात्मक विकास, पूर्वाधार विस्तार, ताल संरक्षण र स्थानीय समुदायको आर्थिक सहभागितालाई प्राथमिकतामा राख्नुपर्ने बताएका हुन्।

कार्यक्रममा पर्यटन विज्ञ रामजी शर्माले पर्यटनलाई सामान्य व्यवसायका रूपमा मात्र बुझ्न नहुने बताए। यातायात, कृषि, होटल, रेस्टुरेन्ट, स्थानीय उत्पादन, संस्कृति र सेवामूलक व्यवसायलाई एकसाथ चलायमान बनाउने भएकाले पर्यटनलाई उद्योगहरूको पनि उद्योगका रूपमा लिनुपर्ने उनको भनाइ थियो। उनले पोखरालाई पर्यटनको राजधानीका रूपमा विकास गर्ने अवधारणाले लेखनाथका लागि नयाँ अवसर सिर्जना गरेको उल्लेख गरे।

शर्माले पोखराको पर्यटनलाई फेवाताल र लेकसाइडमा मात्र सीमित नराखी बेगनास, रूपा, आसपासका गाउँ, ऐतिहासिक कोट, सांस्कृतिक सम्पदा तथा पदमार्गसँग जोड्नुपर्ने धारणा राखे। पर्यटकको संख्या बढाउनेभन्दा उनीहरूको बसाइ अवधि लम्ब्याउने र खर्च गर्ने अवसर सिर्जना गर्ने गुणस्तरीय पर्यटन आवश्यक रहेको उनको भनाइ थियो। योग, ध्यान, प्राकृतिक उपचार तथा शान्त वातावरणमा आधारित वेलनेस पर्यटनका लागि लेखनाथ उपयुक्त गन्तव्य बन्न सक्ने उनले बताए। नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पर्यटकीय गन्तव्यको प्रवर्द्धनसँगै संरक्षणलाई पनि बोर्डले प्राथमिकतामा राखेको जानकारी दिए। उनका अनुसार लेखनाथ र बेगनास क्षेत्रको पहिचान विस्तार गर्न राजमार्गमा पर्यटकीय सङ्केत बोर्ड राख्ने योजना अघि बढाइएको र त्यसका लागि बजेटसमेत विनियोजन भइसकेको उनले बताए।

पोखरेलले बेगनास तथा आसपासका पर्यटकीय गतिविधिको भिडियो, डिजिटल सामग्री र आकर्षक कथावस्तु तयार गरी अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने तयारी भइरहेको जानकारी दिए। पर्यटकीय गन्तव्यलाई अन्तर्राष्ट्रिय पर्यटन व्यवसायीका प्याकेजमा समावेश गराउन प्रभावकारी प्रचारप्रसार आवश्यक रहेको उनको भनाइ थियो। उनले बेगनासलाई फेवातालको विकल्पका रूपमा नभई आफ्नै विशिष्ट पहिचान भएको पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिए। पर्यटकको बसाइ अवधि बढाउन जलपर्यटन, साहसिक गतिविधि, प्राकृतिक अवलोकन र स्थानीय अनुभवमा आधारित नयाँ कार्यक्रम आवश्यक रहेको उनले औंल्याए। पोखरा महानगरपालिका आर्थिक बिकास महाशाखा प्रमुख मनहर कडरियाले पर्यटन विकासका लागि सडक, विमानस्थल, यातायात र अन्य पूर्वाधारको पहुँच अत्यन्त महत्वपूर्ण हुने बताए। मुग्लिन-पोखरा सडक सुधार तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका कारण लेखनाथ क्षेत्रको पहुँच सहज बन्दै गएको उल्लेख गर्दै उनले यस्ता गतिविधिको दीर्घकालीन सकारात्मक परिणाम देखिने विश्वास व्यक्त गरे।

संवादका क्रममा सहभागीहरू प्रध्यापक एम बहादुर रोका, राममणी अधिकारी, होटल ब्यवसायी विरभद्र कँडेल, स्थानीय समाजसेवी मधुकर न्यौपाने लगायतले पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालय, उद्धार टावर, व्यवस्थित बजार, ताल संरक्षण, सडक तथा पर्यटकीय पूर्वाधारका विषयसमेत उठाएका थिए। महानगरपालिकाका तर्फबाट आर्थिक बिकास महाशाखा प्रमुख मनहर कडरियाले ती मागलाई आगामी योजना तथा बजेटमा समेट्ने पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो

कार्यक्रममा वक्ताहरूले पर्यटन विकासको लाभ केही व्यवसायीमा मात्र सीमित नराखी आसपासका गाउँ, किसान, उत्पादक, युवा तथा स्थानीय समुदायसम्म पुऱ्याउनुपर्नेमा साझा धारणा राखे। प्राकृतिक सम्पदाको संरक्षण, सरकारी तथा निजी क्षेत्रको सहकार्य, प्रभावकारी प्रचारप्रसार र स्थानीय सहभागिताबाट लेखनाथलाई दिगो पर्यटन तथा आर्थिक समृद्धिको महत्वपूर्ण केन्द्र बनाउन सकिने उनीहरूको निष्कर्ष थियो। उक्त कार्यक्रमको सञ्चालन सञ्चारकर्मी सन्दीप पौडेलले गरेका थिए।

कात्तिक २५ गते ११:०७ बजे भाइटीका उत्तम

रासस
काठमाडौं, १७ कार्तिक

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको छ। समितिले तिहारका विभिन्न पर्वको निर्णय गर्दै भाइटीकाको साइत सार्वजनिक गरेको समितिका अध्यक्ष प्रा डा पुरुषोत्तम भट्टराईले राससलाई जानकारी दिनुभयो। कात्तिक २५ गते बुधबार बिहान ११:०७ बजे भाइटीकाको साइत उत्तम रहेको उहाँले बताउनुभयो।

मध्याह्न कालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि अभिजित् मुहूर्तको शुभ साइत दिइएको समितिले जनाएको छ। राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्छ। सर्वसाधारणका लागि मध्याह्न कालमा टीका लगाउन कुनै समस्या छैन।

यस वर्ष यमपञ्चक कात्तिक २० गते शुक्रबारदेखि नै सुरु हुन्छ। त्यस दिन धनत्रयोदशी (धनतेरस) पर्व परेको छ। कात्तिक २१ गते शनिबारदेखि काग तिहार परेको छ। धन्वन्तरी जयन्ती पनि यसै दिन परेको छ। कात्तिक २२ गते आइतबार नरक स्नान सहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा परेको छ। दिउँसो कार्तिक कृष्ण चतुर्दशी र त्यसपछि औंशी तिथि लाग्ने भएकाले शास्त्रसम्ममत् रूपमा पर्व सम्बन्धी निर्णय गरिएको समितिले जनाएको छ। सायंकालमा औंसी तिथि परेका दिन लक्ष्मीपूजा गर्नुपर्ने शास्त्रीय वचन छ। औंसी तिथिमा गरिने स्नान, दान भने कात्तिक २३ गते सोमबार बिहान गर्नुपर्नेछ। लक्ष्मीपूजा पनि यसै दिन गरिन्छ।

गाई, गोरु र आत्म (म्ह) पूजा भने कात्तिक २४ गते मंगलबार गर्नुपर्ने शास्त्रीय वचन रहेको छ। कार्तिक शुक्ल प्रतिपदाको सायंकालमा आत्म (म्ह) पूजा गर्नुपर्ने 'कृत्यवाटिका' नामक ग्रन्थमा उल्लेख गरिएको छ। कार्तिक शुक्ल प्रतिपदा प्रारम्भ हुने भएकाले आत्म (म्ह) पूजा यसै दिन गर्नुपर्ने हुन्छ।

आत्म (म्ह) पूजा विशेषगरी नेवार समुदायले गर्ने परम्परा छ। समितिले स्वीकृति दिने तीन वटा पात्रो (पञ्चाङ्ग) नेवार समुदायका पञ्चाङ्गकारले प्रकाशन गर्ने गरेका छन्। सिद्धिलक्ष्मी व्यञ्जनकार, कीर्तिकिरण जोशी र शशिधर जोशी नेवार समुदायकै पञ्चाङ् गकारले पनि कात्तिक २४ गते नै आत्म (म्ह) पूजा गर्ने विषय आफ्ना पञ्चाङ्ग (पात्रो) मा उल्लेख गर्नुभएको छ। नेपाल संवत्को नयाँ वर्ष ११४७ पनि यसै दिन सुरु हुन्छ। प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचन रहेको छ।

पोखरा...

लेन सडक निर्माण भएको छ।" यस खण्डमा पर्ने १३ पुलमध्ये १२ वटा पुल निर्माण भइसकेका छन्। पोखराको सेती नदीको 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको हो।

तनहुँको जामुनेदेखि पर्यटकीय राजधानी पोखरा जोड्ने पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्डको ठेक्का पाएको थियो। कूल ८१ किमि दुरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैंकको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम गरिएको हो। सरकारको प्राथमिकताप्राप्त यस सडक आयोजना निर्माणले सुरुमा गति लिन नसकेपछि पोखराका पर्यटनव्यवसायीलगायतलेकाममा ढिलासुस्ती नगर्न दबाब बढाएका थिए। गण्डकी प्रदेशको राजधानी जोड्ने मुख्य सडकमार्गको स्तरोन्नतिले यस क्षेत्रको आर्थिक र पर्यटकीय गतिविधि बढाउन टेवा पुगेको छ। पोखरा आउजाउ गर्दा धुलो र हिलो छिचोल्दै घण्टौंको यात्रा गर्नुपर्ने पर्यटक र सर्वसाधारणको बाध्यता पनि सधैंका अन्त्य भएको छ। सडक विस्तारसँगै पोखराका साँघुरा चोकहरु पनि खुला र आकर्षक देखिएका छन्। अमर सिंहचोक, अर्घौंचोक, बुद्धचोक, तालचोकलगायतठाउँमामापदण्ड विपरीतका संरचना हटाएर सडक र चोकलाई चौडा बनाइएको छ।

एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला म्याग्दे गाउँपालिका वडा नं. २ निवासी भारतीय भू.पू. सैनिक नं. 14392010W दर्जा नायक (OPR) पल्टन 502 AD ARTY का अमृत बहादुर क्षेत्री (AMRIT BAHADUR CHHETRI) को श्रीमती पदमा रानाभाटले (PADMA RANABHAT) र जन्ममिति वि.सं. २०२८/१२/०८ (ई.सं. १९७२/०३/२१) उल्लेख भएको र निजको श्रीमानको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर PADHMA DEVI र जन्ममिति वि.सं. २०२८/०१/०८ (ई.सं. १९७१/०४/२१) उल्लेख भई नामथर जन्ममिति फरक फरक भएतापनि व्यक्ति एउटै भएको भनी म्याग्दे गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. ५७७, मिति २०८३/०६/२२ गतेको पत्रबाट लेखि आएकोले सोही व्यहोरा निजको भारतीय पेन्सन प्रयोजनका लागि मात्र सिफारिस गरिन्छ।

जिल्ला प्रशासन कार्यालय तनहुँ

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- बिदुरनीति

सम्पादकीय

राष्ट्रिय गौरवका आयोजनाको ठेक्का रद्द गर्ने अपारदर्शी शैली

सुनकोसी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको ठेक्का रद्द दुई सहसचिवलाई दबाबमा पारेर गरेंको निर्णय अपारदर्शी छ। ठेक्का रद्द गर्ने निर्णयले सरकारको कार्यशैली सुशासनको पक्षमा छैन। सार्वजनिक खरिद प्रक्रियाको पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ। निर्माण व्यवसायीको कमजोर कार्यसम्पादनका कारण पुरानो ठेक्का तोडिएको थियो। त्यसपछि नयाँ अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी प्रतिस्पर्धाको अन्तिम चरणमा पुऱ्याइएको प्रक्रिया पनि सरकारले अचानक रद्द गरेको छ। कर्मचारीलाई प्रहरी लगाएर उठाउने, सिंहदरबार ल्याउने र दबाबमा निर्णय गराउने व्यवहारले कानुनी प्रक्रियामाथि मात्र प्रहार गर्दैन। कर्मचारीको मर्यादा र स्वाभिमानको खिलाफ छ। शक्तिको प्रयोग प्रधानमन्त्री कार्यालयले गर्ने त्यसको कानुनी अड्चन र प्रश्न उठे कर्मचारीले दिनुपर्ने भएको छ। यो लोकतान्त्रिक शासन प्रणालीमा सुहाउने काम होइन। ठेक्का प्रक्रिया मुलुकको हितमा छैन भन्ने लागेको भए प्रधानमन्त्रीले आफ्ना मन्त्रीलाई बोलाएर कुरा गर्न सक्थे। ठेक्का रद्द गर्नुपर्ने कारण र कानुनी आधार खुलाएर आफ्नो कार्यालयबाट लिखित निर्देशन दिन सक्थे।

प्रधानमन्त्री कार्यालयको लिखित निर्देशन कुनै पनि मन्त्रालय, विभाग वा कार्यालयले मान्नै पर्छ। त्यसो गर्दा कसले, किन ठेक्का रद्द गर्न लगायो भन्ने अभिलेख रहन्थ्यो। निर्णयको औचित्य पुष्टि गर्ने र गलत भएको छ भने त्यसको जबाफदेहिता वहन गर्ने जिम्मेवारी प्रधानमन्त्री कार्यालयमा रहन्थ्यो। तर प्रधानमन्त्री कार्यालयले बलमिच्याइँको गलत बाटो रोज्यो–कर्मचारीलाई दबाब दिएर उनीहरूकै हस्ताक्षरमा निर्णय गराउने र भोलि आइपर्ने जबाफदेहिताबाट कानुनी र नैतिक रूपमा पन्छिने। नेपाली उखान "काँक्रो चोरेर आफु खाने, बियाँ अर्काको गालामा दल्ने "जस्तै हो। भोलि अदालत वा अख्तियारले प्रश्न उठाउँदा कागजमा निर्णय गर्ने कर्मचारीले जबाफदेहिता व्यहोरून्, त्यो आफूकहाँ नआइपुगोस् भन्ने प्रधानमन्त्री कार्यालयको नियत देखिन्छ। आफूले चाहेको निर्णय पनि गराउने, त्यसको जोखिम पनि अरूलाई बोकाउने, यो खतरनाक प्रबृत्ति हो। ठेक्का रद्द हुनु आफैंमा अस्वाभाविक त होइन तर त्यसक्रममा अपनाइएको भनिएको विधि र प्रक्रियाले सरकारको सुशासनसम्बन्धी प्रतिबद्धतामाथि नै प्रश्न खडा गरेको छ। समाचारमा सार्वजनिक भएअनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीलाई समेत जानकारी नदिई प्रधानमन्त्री कार्यालयले ठेक्का रद्द गराउन सक्रियता देखाएको थियो।

विभागका महानिर्देशक र आयोजना निर्देशकलाई प्रहरी लगाएर प्रधानमन्त्री कार्यालय पुऱ्याई दबाब दिइएको र ठेक्का रद्द गर्न तयार भएपछि मात्र छाडिएको समाचारमा आएको छ। यसबारे प्रधानमन्त्री कार्यालयले स्पष्ट पार्नुपर्छ। प्रधानमन्त्री कार्यालयले राष्ट्रिय गौरवका आयोजनाको अनुगमन र प्रगतिको चासो राख्नु अस्वाभाविक होइन। तर, मातहतको मन्त्रालयलाई जानकारी नदिई प्रशासनिक अधिकारीलाई दबाब दिएर बोलपत्र रद्द गर्ने निर्णय गराएको हो भने त्यसलाई सामान्य प्रशासनिक हस्तक्षेपमात्र मान्न सकिँदैन। अझ, ठेक्का रद्द गर्दा सरकारले दिएको कानुनी आधार पनि स्पष्ट छैन। प्राविधिक मूल्यांकनबाट तीन कम्पनी योग्य ठहरिएपछि आर्थिक प्रस्ताव खोल्न दुई दिनमात्र बाँकी थियो। सरकारले सार्वजनिक खरिद ऐनको प्रावधान उल्लेख गरे पनि कुन कानुनी त्रुटि भएको थियो, त्यसको जिम्मेवार को थियो र प्रक्रिया रद्द गर्नुपर्ने अवस्था किन आयो भन्ने खुलाएको छैन। कुनै त्रुटि भएको थियो भने सम्बन्धित अधिकारीमाथि कारबाही पनि त हुनुपर्ने हो। बोलपत्र आह्वान भएपछि सार्वजनिक खरिद ऐन र नियमावलीमा संशोधन भएको अवस्थामा नयाँ व्यवस्था पुरानो प्रक्रियामा कसरी लागू हुन्छ भन्ने प्रश्न पनि अनुत्तरित छ।

कानुनी त्रुटि सच्याउने नाममा विधि र प्रक्रियालाई नै मिच्नु कानुनसम्मत हुँदैन। यस घटनाले तालुकवाला मन्त्रीको राजनीतिक जवाफदेहीमा पनि नैतिक प्रश्न उठाएको छ। आफ्नै मन्त्रालयअन्तर्गतको महत्वपूर्ण आयोजनाको ठेक्का रद्द गर्ने निर्णय प्रधानमन्त्री कार्यालयले मन्त्रीलाई जानकारी नदिई गरेको हो भने उनी पदमा रहिरहनुको औचित्य के हुन्छ रुयस प्रकरणमा अस्तित्व देखाउन नसके मन्त्रीलाई जिम्मेवारी र राजनीतिक नैतिकताको प्रश्नले पछ्याउन छाड्नेछैन। राहदानी छपाई कस्लाई दिने भन्ने बेला पनि प्रधानमन्त्री कार्यालयले गरेको हरकत अहिले सुनकोसी-मरिणमा त्यस्तै प्रवृत्ति दोहोरिनु सुशासनको अपेक्षा गर्नेहरूका लागि चिन्ताजनक छ। इन्जिनियर प्रधानमन्त्रीलाई ठूला निर्माणमा बढी नै रुचि भए यसरी विधिविपरीत हस्तक्षेप गर्नुको साटो प्रत्यक्ष मातहतमा विधिपूर्वक नै लानु उचित हुने देखिन्छ। पुरानो ठेक्का विवादमा अदालतसम्म पुग्नुपऱ्यो। नयाँ ठेक्का प्रक्रियामा पनि अन्योल सिर्जना भएको छ। यसरी कानुनले तय गरेको विधि र प्रक्रियामा अपारदर्शी एवं विधिविपरीत हस्तक्षेप हुने हो भने सरकारले विश्वास गुमाउनेछ र नेपालका ठूला ठेक्कामा साख भएका निर्माण कम्पनीहरू सहभागी हुनेछैनन्।

निश्चित निर्माण कम्पनीको स्वार्थमा यो खेल भएको चर्चामा अहिले नै विश्वास गर्न त सकिँदैन तर पटकपटकको कानुन एवं प्रक्रियाविपरीत हस्तक्षेपले शङ्का भने उब्जाएको देखिन्छ। साथै, यस घटनाले सरकारकै मातहत मन्त्रालय र निकायहरूको विश्वसनीयतामा पनि प्रश्न उठाएको छ। राष्ट्रिय गौरवको आयोजना अघि बढाउनुपर्ने निकायहरू नै पटकपटक ठेक्का लगाउने र रद्द गर्ने विवादमा अल्झिने हो भने आयोजना कहिले सम्पन्न होलान् र ? सरकारले निर्णयको आधार र प्रक्रियाबारे सार्वजनिक रूपमा स्पष्ट पार्नुपर्छ। प्रशासनिक अधिकारीलाई नियन्त्रणमा लिइएको भनिएको घटनाको पनि निष्पक्ष छानबिन हुनुपर्छ। यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो क्षेत्राधिकारअनुसार अनुसन्धान गर्नु आवश्यक छ।

तपाईको आज

मेष	: शत्रुको भय	तुला	: सहयोग मिल्नेछ
वृष	: व्यापारमा लाभ	वृश्चिक	: स्वास्थ्यमा सुधार
मिथुन	: अप्रत्यसित लाभ	धनु	: शुभ यात्रा
ककर्ट	: शारीरिक झमेला	मकर	: आर्थिक समस्या
सिंह	: सत्कार मिल्नेछ	कुम्भ	: कार्यमा सफलता
कन्या	: मानसिक तनाब	मीन	: झमेला बड्ने

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

मुस्ताङमा दुई लाख ८५ हजार पर्यटक

पोखरापत्र संवाददाता

मुस्ताङ, १७ कार्तिक

सन् २०२६ को दश महिनामा दुई लाख ८५ हजार ६१६ जना विदेशी पर्यटकले मुस्ताङ जिल्लाको भ्रमण गरेका छन्। जनवरीदेखि अक्टोबरसम्म सार्क राष्ट्रतर्फ दुई लाख ६२ हजार १२ जना र अन्य राष्ट्रतर्फ २८ हजार २७५ जनाले मुस्ताङ जिल्लाको भ्रमण गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), जोमसोमले जनाएको छ।

सन् २०२५ को जनवरीदेखि डिसेम्बरसम्मा एक लाख ६१ हजार १४१ जना सार्क तथा अन्य राष्ट्रका विदेशी पर्यटकले मुस्ताङ जिल्लाको भ्रमण गरेकामा सन् २०२६ को दश महिनामा ७७.६२ प्रतिशतले पर्यटकको सङ्ख्या वृद्धि भएको हो। एक्याप कार्यालयका प्रमुख राजेश गुप्तका अनुसार सन् २०२५ को तुलनामा सन् २०२६ को दुई महिना बाँकी रहँदा एक लाख २३ हजार ४७५ जना विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको जानकारी दिनुभयो। एक्याप जोमसोमको पर्यटक तथ्याङ्कअनुसार सन् २०२६ को दश महिना अवधिमा गत वर्षको भन्दा सार्क राष्ट्रतर्फ ९७ प्रतिशतले विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको छ। गुप्तका अनुसार अघिल्लो वर्षको तुलनामा यसवर्षको दुई महिना बाँकी रहँदा सार्क राष्ट्रतर्फ एक लाख २९ हजार १४६ जना विदेशी पर्यटक वृद्धि भएको हो। यसैगरी सन् २०२५ को बाह्र महिनामा २३ हजार ६०४ जना अन्य राष्ट्रका विदेशी पर्यटक मुस्ताङ भित्रिदा सन् २०२६ को दुई महिना बाँकी रहँदा चार हजार ६७१ जना विदेशी विदेशी पर्यटक कम भित्रिएका हुन्। जुन् अघिल्लो वर्षको भन्दा (१६.५) प्रतिशत कम पर्यटक भित्रिएका हुन्। एक्याप प्रमुख गुप्तले नोभेम्बर र डिसेम्बर दुई महिना बाँकी रहेकाले गत वर्षको भन्दा चालुवर्षमा विदेशी पर्यटक सङ्ख्या कम नहुने उल्लेख गर्नुभयो। यस वर्ष रसुवागढीको विनासकारी बाढी घटना तथा जोमसोम-कोरला सडक अवरुद्ध, हवाई सेवा स्थगनलगायत मौसम प्रतिकूलाका कारण मुस्ताङको पर्यटनमा आशिंक असर पुगेको थियो। यद्यपि मुस्ताङमा सन् २०२५ को तुलनामा सन् २०२६ मा पर्यटकको सङ्ख्यामा अपेक्षाकृत वृद्धि भएको पाइएको हो। एक्याप जोमसोमका अनुसार सार्क राष्ट्रतर्फ करिब शतप्रतिशत पर्यटक वृद्धि हुनुमा अधिकांश भारतीय पर्यटकको आगमन रहेको उल्लेख गरेको छ।

संसद् बैठक बोलाउन सभामुख समक्ष कांग्रेसको आग्रह

रासस

काठमाडौं, १७ कार्तिक

नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संसद्को बैठक तत्काल बोलाउन आग्रह गर्नुभएको छ।

सभामुख डोलप्रसाद (डीपी) अर्यालसँग मंगलबार भेटी उहाँले समसामयिक राजनीतिक विषयमा छलफल गर्नुपर्ने भन्दै बैठक बोलाउन गर्न आग्रह गर्नुभएको हो।

अध्यादेशमार्फत विषयहरू अघि बढाउनु लोकतन्त्रको मर्मअनुकूल नहुने उल्लेख गर्दै नेता आङ्देम्बेले भोटेकोशी बाढी प्रभावितका विषयमा पनि सभामा छलफल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

सभामुख अर्यालसँग नेकपा (एमाले) संसदीय दलका उपनेता पद्मा अर्याल र गुरु बरालले भेट गर्नुभएको छ। सभामुखको कार्यकक्षमा भएको भेटमा उहाँहरूबीच समसामयिक राजनीतिक तथा संसदीय विषयमा छलफल भएको थियो।

सोलुखुम्बु हेलिकप्टर दुर्घटना

रासस

काठमाडौं, १७ कार्तिक

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-४ फेरुचेमा दुई हेलिकप्टर एकापसमा ठोक्किँदा मृत्यु भएका भारतीय नागरिकसहित घाइते तीन जनाको पहिचान खुलेको छ।

हेलिकप्टर दुर्घटनामा भारत-तमिलनाडु राज्यअन्तर्गत चेन्नईका ४७ वर्षीय वसन्तकुमार बलरामुडुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ। मृतकको शव प्रभु एयरको हेलिकप्टरमार्फत लुक्ला ल्याइएको छ। घाइते अवस्थामा रहेका फिस्टेल एयरका पाइलट रवीन्द्र प्रजापति, डाइनेस्टी एयरका पाइलट प्रजल केसी र भारतीय मूलका न्युजिल्यान्डका नागरिक ४९ वर्षीय सेलिसकिसन पटेललाई प्रभु एयरको हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि ललितपुर स्थित मेडिसिटी अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका सूचना अधिकारी प्रहरी निरीक्षक मौसम तामाङले जानकारी दिनुभयो। हेलिकप्टर दुर्घटना हुँदा फिस्टेल एयरमा चालक दलका सदस्यसहित तीन जना सवार थिए। मंगलबार बिहान करिब ८:१० बजे फिस्टेल एयर र डाइनेस्टी एयरका हेलिकप्टर फेरुचेस्थित हेलिप्याडमा अवतरण गर्ने क्रममा एकापसमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ।

कर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०७/१८

तपशिलमा उल्लेखित तपाई ऋणीहरुले यस स्वरोजगार कृषि सहकारी संस्थाबाट विभिन्न शिर्षकमा लिनुभएको कर्जा यस सहकारी संस्थासँग गरेको शर्त बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जना नतिरी नबुझाई लामो समयदेखि बक्यौता राखि सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकोले सहकारीले कर्जा चुक्ताको लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक/पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा समेत कर्जा भुक्तानीमा कुनै चासो नदेखाई वेवास्ता गरी बस्नुभएकोले तपाईहरु तपशिलमा उल्लेखित ऋणी एवम् व्यक्तिगत धनजमानी दिनेहरुलाई कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारीमा सम्पर्क राखि आफुले लिए खाएको कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जना समेत चुक्ता भुक्तानी गर्नुहोला। साथै व्यक्तिगत धनजमानी दिनेहरुले समेत कर्जा चुक्ता भुक्तानी गर्न लगाउनु हुन समेत यसै सूचनाद्धारा सूचित गरिन्छ। अन्यथा कानुनले दिएको अधिकार प्रयोग गरी तपाईहरुले कर्जा लिदाका बखत यस सहकारी संस्थालाई गरिदिएको लिखित अनुसार धनजमानीकर्ताको घरघरनाको चलअचल सम्पत्तिबाट समेत असुलउपर गर्नका लागि आवश्यक कानूनी कारबाही अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशितः

क्र.सं.	ऋणीको विवरण	फोटो	धनजमानी कर्ताको विवरण	फोटो
१.	चन्द्र परियार ना.प्र.नं. ५११०१४/९ जारी भएको जिल्लाः पर्वत श्रीमानः विनोद परियार ससुराः काजीमान दर्जी ठेगानाः ठुलीपोखरी-३, पर्वत		विनोद परियार ना.प्र.नं.५११०१४/८ जारी भएको जिल्लाः पर्वत बाबुः काजीमान दर्जी बाजेः विनय दर्जी ठेगानाः ठुलीपोखरी-३, पर्वत	
२.	विष्णु बहादुर के.सी ना.प्र.नं. ५१३०३९/४ जारी भएको जिल्लाः पर्वत बाबुः ईन्द्र बहादुर के.सी बाजेः तुल बहादुर के.सी ठेगानाः भंगरा-७, पर्वत		कृष्ण प्रसाद पोख्रेल ना.प्र.नं.४५५९९ जारी भएको जिल्लाः स्याङ्जा बाबुः तिलाचन पोख्रेल बाजेः जयपत्री पोख्रेल ठेगानाः पुतलीबजार-७, स्याङ्जा	
३.	अर्जुन ढकाल ना.प्र.नं. ७५०७५ जारी भएको जिल्लाः स्याङ्जा बाबुः यम नारायण ढकाल बाजेः शशिधर ढकाल ठेगानाः फापरथुम-६, स्याङ्जा			
४.	विनोद बराल ना.प्र.नं.४६१०२६/१३४ जारी भएको जिल्लाः कास्की बाबुः रामकृष्न बराल बाजेः युवराज बराल ठेगानाः आर्वा-१३, कास्की			

स्वरोजगार कृषि सहकारी संस्था लिमिटेड

पोखरा-१७, विरौटा, फोन नं. ०६१-४५३९७८

Phedikhola Rural Municipality
Office of Rural Municipal Executive
Phedikhola, Syangja
Gandaki Province, Nepal

Notice for the Letter of Intent

(First Date of Publication: 04 November 2026)

Pursuant to Sub-Clauses 27.2 and 27.3 of the Public Procurement Act, 2063 (as amended), this notice is hereby published to inform all concerned bidders who submitted bids in response to the Invitation for Bids for Contract Identification No. 4-PRM-W-NCB-083-84, published on the official website of this Office (www.phedikholamun.gov.np) and in Pokharapatra National Daily on 1 October 2026.

Following the evaluation of the six bids received, the bid submitted by the bidder identified below has been determined to be substantially responsive and evaluated closest to the average evaluated bid price, in accordance with the applicable provisions of the bidding document. Accordingly, the bidder has been selected as the proposed recipient of the contract.

Contract ID, Name of Work	Evaluated Substantially Responsive Bidder	Bid Price NPR (Including VAT and P.S.)
4-PRM-W-NCB-083-84, Construction of Partial Civil works of First Floor of New block of Maidan Secondary School at Phedikhola-05, Bange, Syangja	NCL CONSTRUCTION, POKHARA-23, KASKI	1,878,851.12

This notice is published in accordance with Clause 47 of the Public Procurement Act, 2063 (as amended).

धितोमा रहेको चल /अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०७/१८

तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट प्राप्त गर्नु भएको कर्जाको ऋणीले यस संस्थासँग गरेको सम्झौता बमोजिम बुझाउनुपर्ने सावाँ, ब्याज र अन्य दस्तुर संस्थामा नतिरे नबुझाएको हुँदा उल्लेखित रकम ऋणीहरुलाई पटक पटक लिखत तथा मौखिक रुपमा तरताकेता गर्दा समेत नतिरि सम्झौता उल्लङ्घन गर्नु भएको र कर्जा तिर्न बुझाउन आउनु भनी समाधान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०२/०१ गते कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना र मिति २०८३/०४/१० गते पोखरा पत्र राष्ट्रिय दैनिकमा धितो लिलाम बारे १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण सावाँ ब्याज तथा हर्जना भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुँदा मिति २०८३/०५/०३ गतेको पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना र २०८३/०६/०८ गतेको पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गर्दा कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुनाले सहकारी ऐन २०७४ एवम् नियमावली २०७५ यस संस्थाको विनियम र प्रचलित सहकारी मापदण्ड, निति, नियम, कानुन अनुसार समेतले दिइएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण बापत लेखिदिइको तपसीलमा उल्लेखित जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मिति, समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गरीने भएकोले सो लिलाम प्रक्रियामा गोप्य शिलबन्दी गरी लिन इच्छुक महानुभावहरुलाई जानकारीको लागि यो १५ दिने सूचना पुन प्रकाशित गरिएको छ। धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने सावाँ र ब्याज हर्जना दै-दस्तुर समेत तिरी कर्जा चुक्ता गरी धितो फुकुवा गरी लान ऋणीहरुलाई यो अन्तिम अवसर दिइएको छ। धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने सम्पूर्ण सावाँ, ब्याज हर्जना शुल्क तथा दै-दस्तुर आदि असुल उपर नभएमा ऋणी तथा जमानत कर्तालाई कालो सूचिमा राखी निजहरुको अन्य जायजेथाबाट तथा घरानाबाट समेत असुल उपर गरीनेछ।

सि.नं	ऋणीको विवरण	ऋणीको फोटो	धन जमानीको विवरण	धन जमानीको फोटो
१	**ऋणीको नाम:** **ज्ञानु कामी** ना.प्र.नं. : ९४०१७, कास्की स्थायी ठेगाना : धम्पुस गा.बि.स.-०८, कास्की अस्थायी ठेगाना : पो.म.न.पा.-२५, हेम्जा, कास्की बुबाको नामः सन्ते कामी पतिको नाम : हमाल कामी उद्देश्य : घर जग्गा कर्जा पंचकृत मुल्य : रु. १८,००,००० /–		१. **नाम: फुलमाया विश्वकर्मा** ना.प्र.नं. :४६-०१-७१-०७४५१, कास्की स्थायी ठेगाना : धम्पुस गा.बि.स.-०९, कास्की अस्थायी ठेगाना : धम्पुस गा.बि.स. -०९, कास्की बुबाको नामः टिका राम सुनार पतिको नाम : खुसीमान विश्वकर्मा २. **नामः कमला क्षेत्री** ना.प्र.नं.: ४४१ , पर्बत स्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्बत अस्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्बत बुबाको नामः चित्र बहादुर कार्की बाजेको नाम : भद्र बहादुर क्षेत्री	 

धितोको विवरण: ऋणी ज्ञानु कामीका नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको-गर्लाङ छहरेपानी गा.वि.स-०३, कास्कीको कि.नं. ६९४ क्षेत्रफल १-८-१-१ (७७३.०० व.मि.) जग्गा

२	**ऋणीको नाम:** **तुल बहादुर विश्वकर्मा** ना.प्र.नं. : २९० ग.का.स., कास्की स्थायी ठेगाना : साबिक कास्की, सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की बुबाको नाम : लिल बहादुर विश्वकर्मा बाजेको नाम : ध्वजे उद्देश्य : घर जग्गा कर्जा पंचकृत मुल्य : रु. ८,००,००० /–		१. **नाम : लोक बहादुर विश्वकर्मा** ना.प्र.नं. : स्थायी ठेगाना : साबिक सराङकोट ०३, हालः पो.म.न.पा. १८, कास्की बुबाको नामः तुल बहादुर विश्वकर्मा बाजेको नाम : लिल बहादुर विश्वकर्मा २. **धनजमानी दिने नाम : अर्जुन विश्वकर्मा** ना.प्र.नं. : ४६-०१-७१-००४३६ स्थायी ठेगाना : साबिक सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की अस्थायी ठेगानाः पो.म.न.पा. १८, कास्की बाबुको नामः रण बहादुर विश्वकर्मा बाजेको नाम : तुल बहादुर विश्वकर्मा ३. **नाम : लक्ष्मी विश्वकर्मा** ना.प्र.नं. : १४४३५१ स्थायी ठेगाना : साबिक सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की अस्थायी ठेगानाः पो.म.न.पा. १८, कास्की बुबाको नामः सुन्तले विश्वकर्मा पतिको नाम : रण बहादुर विश्वकर्मा	 

धितोको विवरण: ऋणी तुल बहादुर विश्वकर्माका नाउँमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गाहरु-साबिक पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. १८, कास्कीमा रहेको कि.नं. ९६, क्षेत्रफल ०-२-०-१ र कि.नं. २०१, क्षेत्रफल ०-४-०-१

३	**ऋणीको नाम :** **रण बहादुर विश्वकर्मा** ना.प्र.नं. : ४८७ स्थायी ठेगाना : साबिक कास्की सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की बाबुको नाम : तुल बहादुर विश्वकर्मा बाजेको नाम : लिल बहादुर विश्वकर्मा उद्देश्य : घर जग्गा कर्जा पंचकृत मुल्य : रु. ६,५०,००० /–		१. **नाम : लोक बहादुर विश्वकर्मा** ना.प्र.नं. : स्थायी ठेगाना : साबिक सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की बाबुको नामः तुल बहादुर विश्वकर्मा बाजेको नाम : लिल बहादुर विश्वकर्मा २. **नाम : अर्जुन विश्वकर्मा** ना.प्र.नं. : ४६-०१-७१-००४३६ स्थायी ठेगाना : साबिक सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की बाबुको नामः रण बहादुर विश्वकर्मा बाजेको नाम : तुल बहादुर विश्वकर्मा ३. **नाम : लक्ष्मी विश्वकर्मा** ना.प्र.नं. : १४४३५१ स्थायी ठेगाना : साबिक सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की बुबाको नामः सुन्तले विश्वकर्मा पतिको नाम : रण बहादुर विश्वकर्मा	 

धितोको विवरण: ऋणी रण बहादुर विश्वकर्मा का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गाहरु-पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. १८, कास्की मा रहेको कि.नं. २७४, क्षेत्रफल ०-८-२-१ र कि.नं. २०४, क्षेत्रफल ०-१-२-०

४	**ऋणीको नाम : रसिला सुनार** ना.प्र.नं. : ४९१००३/१८२३६ स्थायी ठेगाना :पिप्ले -४, म्याग्दी अस्थायी ठेगाना : पो.म.न.पा. २, बाग्लुङ बसपार्क, कास्की पतिको नाम :शुक बहादुर बि.क. उद्देश्य : ब्यापार कर्जा पंचकृत मुल्य : रु. ७,५०,००० /–		१. **नाम : श्रीमती हेमा घताने** ना.प्र.नं.: २७१/६०९६०९९७ मुस्ताङ स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ अस्थायी ठेगाना : लभ्ली हिल, पो.म.न.पा.-५, कास्की बाबुको नामः हरीलाल रामदास पतिको नाम : राजु घताने २. **नाम : शुक बहादुर बि.क.** ना.प्र.नं. १७/१९१११६३२ मुस्ताङ स्थायी ठेगाना : घमि गा.वि.स.०३, मुस्ताङ अस्थायी ठेगाना : पो.म.न.पा. २, बाग्लुङ बसपार्क, कास्की बुबाको नामः रमेश विश्वकर्मा	 

धितोको विवरण:ऋणी रसिला सुनारका नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेको जग्गा - कास्की अर्मला ०२ मा रहेको कि.नं. ८६०,क्षेत्रफल ०-७-१-१

५	**ऋणीको नाम :** **श्रीमती हेमा घताने** ना.प्र.नं. : २७१/६०९६०९९७ मुस्ताङ स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ अस्थायी ठेगाना : लभ्ली हिल, पोखरा-५, बाबुको नामः हरीलाल रामदास पतिको नाम : राजु घताने उद्देश्य : ब्यापार कर्जा पंचकृत मुल्य : रु. ९,५०,००० /–		१. **नाम : राजु घताने** ना.प्र.नं ६९९११४४, मुस्ताङ स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ अस्थायी ठेगाना : लभ्ली हिल, पो.म.न.पा.-५,कास्की बुबाको नाम : रण बहादुर घताने बाजेको नाम : कर्ण सिंह घताने २. **नाम : रसिला सुनार** ना.प्र.नं. : ४९१००३/१८२३६ स्थायी ठेगाना : पिप्ले -४, म्याग्दी अस्थायी ठेगाना : पोखरा-२, बाग्लुङ बसपार्क, कास्की पतिको नाम : शुक बहादुर बि.क.	 



धितोको विवरण: ऋणी श्रीमती हेमा घताने का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गा-अर्मला ०२ मा रहेको कि.नं. ८५९, क्षेत्रफल ०-१०-०-०

६	**ऋणीको नाम : दुर्गा परियार** ना.प्र.नं. २१०८, चितवन स्थायी ठेगाना : कल्याणपुर गा.बि.स-०१, चितवन अस्थायी ठेगाना : पोखरा म.न.पा.-१८, कास्की पतिको नामः सन्त बहादुर परियार बाजेको नाम : गुने उद्देश्य : घर जग्गा कर्जा पंचकृत मुल्य : रु.७०,००,००० /–		१. **नाम : सन्त बहादुर परियार** ना.प्र.नं. ४२७६१८२९, चितवन स्थायी ठेगाना : कल्याणपुर,-०१ चितबन अस्थायी ठेगाना : पोखरा म.न.पा.-१८, कास्की बुबाको नामः गुने बाजेको नाम : अतिराम परियार २. **नाम : किसाने दमै** स्थायी ठेगाना : पोखरा-०६, कास्की अस्थायी ठेगाना : पोखरा -०६, कास्की बुबाको नामः चमारे दमै बाजेको नाम : कैले दमै	

धितोको विवरण: ऋणी दुर्गा परियार का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेका जग्गाहरु- ग्यारजाती-०४,कास्की हाल पोखरा म.न.पा. १८, कास्की कि.नं. ७३९, ८३३, क्षेत्रफल ०-७-०-२, र ०-२-२-०

७	**ऋणीको नामः कमला क्षेत्री** ना.प्र.नं. :४४१, पर्बत स्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्बत अस्थायी ठेगाना : पो.म.न.पा.-५,कास्की पतिको नाम : भद्र बहादुर क्षेत्री बाजेको नाम : टिकाराम क्षेत्री उद्देश्य : ब्यापार कर्जा पंचकृत मुल्य : रु.३०,००,००० /–		१. **नाम : अन्जान क्षेत्री** ना.प्र.नं. ५१-०१-७८-००५४१, पर्बत स्थायी ठेगाना : बिहादी -०१, पर्बत अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की बुबाको नामः भद्र बहादुर क्षेत्री बाजेको नाम : टिकाराम क्षेत्री २. **धनजमानी दिने नाम : अजित क्षेत्री** ना.प्र.नं. ५१-०१-७३-०४०२५, पर्वत स्थायी ठेगाना : बिहादी -०१, पर्वत अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की बुबाको नामः भद्र बहादुर क्षेत्री बाजेको नाम : टिकाराम क्षेत्री ३. **नाम : भद्र बहादुर क्षेत्री** ना.प्र.नं. ३५५६, पर्बत स्थायी ठेगाना : बिहादी -०१, पर्बत अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की बुबाको नामः टिकाराम क्षेत्री बाजेको नाम : हरी राम क्षेत्री	 

धितोको विवरण: ऋणी कमला क्षेत्री का नाउमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको जग्गा - कास्कीकोट ०७, कास्की हाल पो.म.न.पा. १८ कास्की को कि.न ३६५७ क्षेत्रफल ३-०-०-०,

८	**ऋणीको नाम :** **यम प्रसाद कंडेल** ना.प्र.नं. :१८८६२,कास्की स्थायी ठेगाना : चापाकोट गाबिस-०६, कास्की अस्थायी ठेगाना : पो.म.न.पा.-२३, कास्की बुबाको नाम : बिद्यापति कंडेल बाजेको नाम : चिन्तामणी कंडेल उद्देश्य : घर जग्गा कर्जा पंचकृत मुल्य : रु.३२,००,००० /–		१.**नाम : डिलमाया कंडेल** ना.प्र.नं. :२४८१५ कास्की स्थायी ठेगाना : चापाकोट गा.बि.स.-०६, कास्की अस्थायी ठेगाना : पो.म.न.पा.-२३, कास्की पतिको नाम : यम प्रसाद कंडेल बाजेको नामः बिद्यापति कंडेल	

धितोको विवरण: ऋणी यम प्रसाद कंडेल का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेका जग्गाहरु - चापाकोट गा.वि.स-०६, कास्कीका कि.न १३०५ क्षेत्रफल ०-४-३-० (१५१.०१ व.मि.), कि.न १३०१ क्षेत्रफल २-८-०-० (१२७१.८० व.मि.), कि.न १३२८ क्षेत्रफल ०-६-०-० (१९०.७४ व.मि.), कि.न १३१० क्षेत्रफल ०-३-२-० (१११.२७ व.मि.) कि.न १३२५ क्षेत्रफल ०-११-०-० (३४९.६९ व.मि.), कि.न १३१४ क्षेत्रफल ०-८-०-० (२५४.३२ व.मि.), कि.न १३२० क्षेत्रफल ०-१०-०-० (३१७.९० व.मि.)

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१ पंचकृत मूल्य सहितको बोलपत्र फारम यस सहकारीको कार्यलयबाट रु ५००।- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिन्छ।

२ शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सहकारीको कार्यालय पो.म.न.पा.६, नारेश्वरमा पेश गनुपर्ने छ।

३. उक्त सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्ने छ।

४. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजात हेर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस सहकारी को कर्जा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

५. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रमक अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।

६. आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय बाणिज्य बैक लि. शाखा कार्यालय लेकसाइड मा रहेको यस संस्था को खाता नं.३५५०१०००००००८१००१ मा रमक जम्मा गरी सक्कल भौचर वा मान्यता प्राप्त बैक तथा वित्तीय संस्थाको सटही हुने चेक शिलबन्दी बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ।

७. बोलपत्र गोप्य शिलबन्दी खोलिने मिति २०८३ मंसिर महिना ३ गते बिहीबारका दिन दिउँसो ३ बजे संस्थाको सभाहलमा खोलिने छ सो दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिनेछ।

८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले धरौटी बाहेकको सम्पूर्ण रकम तोकिएको समयभित्र सहकारी मा बुझाई बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्ने छ । तोकिएको समयभित्र रमक जम्मा नगरेमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ।

९. शिलबन्दी बोलपत्र सहकारीको कार्यालय पो.म.न.पा.६, नारेश्वर उपस्थित सरकारी, प्रतिनिधिहरु, बोलपत्रदाता वा निजका प्रतिनिधिको रोबहरमा खोलिने छ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्र कर्ता वा निजको प्रतिनिधिको अनुपस्थित रहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

१०. कुनैपनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्ने वा नेगोसिएसन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

११. बोलपत्रकर्ता व्यक्ति भए नागरीकता प्रमाणपत्रको प्रतिलीपी र फर्म /कम्पनी/ संस्था भएमा संस्था दर्ताको प्रमाण पत्र, पान दर्ता र करचुक्ता पत्रको प्रतिलीपी बोलपत्रसगै पेश गर्नुपर्नेछ।

१२. बोलपत्र सदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरि धरौटी रकम फिर्ता दिईनेछ। धरौटी रहेको रमक फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरिने छैन।

१३. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरिने छैन।

१४. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०६५ तथा संस्थाको कर्जा असुली निति अनुसार कसैले पनि लिलाम नसकारेमा वा बोल कबोल गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्थाले आफै धितो सकार गरी स्वामित्व आफुमा लिन सक्नेछ वा पुनः लिलाम प्रक्रियामा जानसक्ने छ।

१५. लिलाम सकार गरेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सरकारी दस्तुर, राजश्व तथा अन्य दस्तुर लिलाम सकार गर्ने व्यक्ति वा पाटी आफैले व्यहोर्नु पर्नेछ।

१६. धितो लिलामका बारेमा अन्य आवश्यक कुराहरु बुझ्नु परेमा संस्थामा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पोखरा महानगरपालिका-६, नारेश्वर, बसन्त बैठक, कास्की
फोन: ०६१-४५१३९२, ४५४६६३